## गुर्भाकोट नगरपालिकाको कृषक/ पशु पालन समुह दर्ता तथा नविकरण कार्यविधि -२०७५(नमुना)

**प्रस्तावना** : यस नगरपालिकामा विभिन्न कृषक तथा कृषि व्यवसायहरुको समुह दर्ता तथा नविकरण प्रभावकारीता ल्याउन बान्छनीय भएकोले नगर कार्यपालिकाको मिति २०७५/०९/२८ को बैठकले स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : यो कार्यविधिको नाम " गुर्भाकोट नगरपालिकाको कृषक/ पशुपालन समुह दर्ता तथा नविकरण कार्यविधि -२०७५" रहेको छ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "कार्यालय" भन्नाले गुर्भाकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय लाई सम्झनु पर्दछ ।

ख. "कृषक" भन्नाले नगरपालिका भित्रका विभिन्न कृषि तथा पशुपालन व्यवसाय गर्ने व्यक्तीलाई भन्ने बुझीन्छ ।

ग. "कृषक तथा पशुपालन समुह" भन्नाले नगरपालिकामा दर्ता हुन आउने महिला कृषक समुह, पुरुष कृषक समुह तथा मिश्रित कृषक समुह भन्ने बुझिन्छ।

**३. नयाँ कृषक/ पशुपन्छी पालन समुह दर्ता सम्बन्धमा ।**

**३.१** यस नगरपालिकामा विभिन्न किसिमका बालिहरु उत्पादन गर्ने तथा पशुपालन व्यवसाय गर्ने उद्देश्यले नयाँ समुह दर्ता गर्न आउदा निम्नानुसारको कागजात संलग्न राखी नगरपालिकाको कृषि तथा पशु सेवा शाखामा पेश गर्नु पर्नेछ साथै उक्त शाखाले नयाँ दर्ताको अभिलेख तयार गरी अनुसूची २ बमोजिमको प्रमाण पत्र प्रदान गर्नु पर्नेछ ।

**क.** अनुसूची १बमोजिमको निवेदन ।

**ख.** समुहको विधान ।

**ग.** जनप्रतिनिधीको उपस्थितिमा समुह गठनको निर्णय प्रतिलिपी र सम्बन्धित वडाको सिफारिस।

**घ.** समुहका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी

**ङ.** रु. २०० को राजश्व तिरेको रसिद ।

**४. कृषक/ पशुपालन समुह नविकरण सम्बन्धमा ।**

४.१ यस नगरपालिकामा दर्ता भएका कृषक तथा पशुपालन समुह र साविक कुनै सरकारी निकायमा दर्ता भएका कृषि समुहको नविकरण गर्नको लागि नगरपालिकाको कृषि शाखाले दर्ता तथा नविकरणको अभिलेख तयार गरी निम्नानुसारको कागजात संलग्न राखेपछि समुह नविकरण गर्न सकिने छ ।

**क.** समुह नविकरणको लागि निवेदन ।

**ख.** नविकरणको लागि समुहको निर्णय प्रतिलिपी

**ग.** रु. १०० को राजश्व तिरेको रसिद ।

घ. समुहले गरेको कार्यक्रमको वार्षिक प्रगति प्रतिवेदन ।

अनुसूची १

समुह दर्ताको लागि निवेदनको नमुना

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
गुर्भाकोट नगरपालिका, सुर्खेत ।

विषय : कृषक/पशुपालन समुह दर्ता गराई पाउँ ।

यस नगरपालिकाको कृषि तथा पशु सेवा शाखाको सहयोगमा हामी आफै संगठित भई गुर्भाकोट नगरपालिका वडा नं..........मा गठन भएको हाम्रो समुह दर्ता/ नविकरण गरी पाउन निम्न विवरण सहित यो निवेदन पेश गरेका छौं ।

.....................................

अध्यक्ष

**समुहको विवरण**

समुहको नाम..........................................................................स्थापना साल.....................

गाउँपालिका/नगरपालिका....................................वडा नं.........टोल.......................................

समुहको उद्देश्य...........................................................................................................

सदस्य संख्या :पुरुष..................महिला ...................... जम्मा.................................

पदाधिकारीको नाम तथा विवरण

| क्र.स. | नाम थर | पद | शैक्षिक योग्यता | उमेर | जग्गा क्षेत्रफल | दस्तखत |
|---|---|---|---|---|---|---|
| | | अध्यक्ष | | | | |
| | | उपाध्यक्ष | | | | |
| | | सचिव | | | | |
| | | कोषाध्यक्ष | | | | |
| | | सदस्य | | | | |
| | | सदस्य | | | | |

नियमित बैठक बस्ने दिन :-

प्रति महिना समुहको हितकोष संकलन रु.:-

हालसम्मको हित कोष जम्मा रु.:-

**अग्र भाग**

अनुसूचि २

कृषक तथा पशुपालन समुह दर्ता प्रमण पत्रको ढाँचा

दर्ता नं

गुर्भाकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

शुभाघाट, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

## कृषक / पशुपालन समुह दर्ता प्रमाण पत्र

समुह पद्धतिलाई सुव्यवस्थित गर्दै कृषि प्रसार कार्यलाई टेवा पुर्याउने उद्देश्यले यस गुर्भाकोट नगरपालिकाको …… नं. वडामा मिति………………………………. मा गठित श्री…………………………कृषक समुहलाई यस कार्यालयको अभिलेख मा दर्ता गरि यो प्रमाण पत्र प्रदान गरिएको छ ।

कृषि शाखा प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

**पश्च भाग**

| सि.नं. | समुह/ समितको क्रियाकलाप | नविकरण गरेको मिति | नविकरण बहाल रहने अवधी | नविकरण गर्ने अधिकारीको नाम | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |